# प्रेस विज्ञप्ति

१ मंसिर, २०७८

## मानव अधिकारको संरक्षण र सम्बर्द्धनको कार्यलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त

मानव अधिकारको विश्वव्यापी मूल्य मान्यतालाई आत्मसात गर्दै राष्ट्रिय मानव अधिकार आयोगलगायत मानव अधिकारसँग सम्वन्धित आठवटा संवैधानिक आयोगहरुवाट मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि आपसी जीवन्त सम्पर्क, समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउने प्रतिवद्धता व्यक्त भएको छ । मानव अधिकारका सवालमा सहअस्तित्व, समन्वय तथा सहकार्य सम्वन्धी कार्यशालामा राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोगका अध्यक्ष तथा सदस्यहरुवाट संयुक्त रुपमा सो प्रतिवद्धता व्यक्त गरिएको छ ।

संविधान र कानूनले दिएको कार्यादेश वमोजिम आयोगहरु बीच साझा विषयहरु पहिचान गर्दै त्यस्ता विषयहरुमा अध्ययन/अनुसन्धान, वकालत र अनुगमन गर्न साझा संयन्त्र तथा सहकार्य कार्यविधि तयार गर्ने, मानव अधिकारका सम्वन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्वका सवालमा साझा विषयहरुमा सहकार्य गर्ने, सबै आयोगका साझा समस्याहरुको समाधानका लागि सामूहिक वकालत गर्ने, मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि गरेका असल अभ्यासहरुको आदानप्रदान गर्ने, मानव अधिकारका सवालमा सरकारको जवाफदेहिता वढाउन साझा कार्यक्रमहरु तय गर्ने, मौलिक हक तथा नागरिकका आधारभूत अधिकारको सुनिश्चितताका लागि सँगसँगै कार्य गर्ने विषयमा गहन छलफल भएको छ । यसका अतिरिक्त आयोगहरुले गरेका सिफारिसहरुको कार्यान्वयनलाई अझ वढी प्रभावकारी वनाउन साझा रणनीति, कार्ययोजना र संयन्त्र वनाउने, समन्वय र सहकार्यका सैद्धान्तिक एवम् व्यवहारिक आधारशीला खडा गर्ने, मानव अधिकार, भाषिक, धार्मिक, जातीय, भौगोलिक, क्षेत्रीय, लैंगिक न्याय एवम् लैंगिक संवेदनशीलता र सामाजिक समावेशीता सम्वन्धी वुझाइमा एकरुपता ल्याउने तथा स्रोत र साधनको अधिकतम सदुपयोग र मितव्ययी हुँदै क्षमता सवलीकरण र संस्थागत सुदृढीकरणका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन उपायहरुको खोजी गरी क्षमता अभिवृद्धि गर्ने लगायतका विषयमा आयोगहरु बीच सहमति भएको छ ।

संवैधानिक आयोगहरुको काम कर्तव्य र अधिकार, आयोगहरु बीच विषयगत अधिकारका सवालमा द्विपक्षीय तथा बहुपक्षीय सहकार्य, मानव अधिकार अनुगमनका सैद्धान्तिक, व्यवहारिक भोगाइ तथा सिकाइहरु, मानव अधिकारका विषयमा अध्ययन अनुसन्धान तथा नयाँ आयामका विषयको पहिचान, अन्तर्राष्ट्रियस्तरमा पेश हुने प्रतिवेदन, सिफारिस कार्यान्वयनको अवस्था, चुनौती र साझा रणनीति तथा साझा संयन्त्र निर्माण सम्वन्धमा आयोगहरु बीच गहन छलफल भएपश्चात् सहकार्य र समन्वयलाई अझ प्रभावकारी बनाउने निष्कर्षमा पुगिएको छ ।

मानव अधिकार सम्वन्धी संवैधानिक आयोगहरुको थप सुदृढीकरणका लागि राज्यका निकायहरु कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले यी आयोगहरुलाई आवश्यक सहयोग पुऱ्याउने छन् भन्ने अपेक्षा गरिएको छ । साथै, जनअपेक्षा, जनभावना र अधिकारलाई सशक्तीकरण, सुदृढीकरण र सुनिश्चिता गर्न संवैधानिक आयोगहरुबाट भगिरथ प्रयास गरिने प्रतिवद्धता व्यक्त गरिएको छ ।

तपबहादुर मगर, अध्यक्ष, राष्ट्रिय मानव अधिकार आयोग

कमला पराजुली, अध्यक्ष, राष्ट्रिय महिला आयोग

देवराज विश्वकर्मा, अध्यक्ष, राष्ट्रिय दलित आयोग

डा. रामकृष्ण तिमल्सिना, अध्यक्ष, राष्ट्रिय समावेशी आयोग

रामबहादुर थापामगर, अध्यक्ष, आदिवासी जनजाति आयोग

डा. विजय दत्त, अध्यक्ष, मधेशी आयोग

विष्णुप्रसाद चौधरी, अध्यक्ष, थारु आयोग

समिम मियाँ अन्सारी अध्यक्ष, मुस्लिम आयोग